बैठक नं. २

आज मिति २०७९/०५/०५ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७:३० बजे ।
स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं.२.१

**मिति २०७९।०४।०८ मा बसेको नगरकार्यपालिकाको वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।**

निर्णय नं.२.१

- नगरस्तरीय दररेट निर्धारण समितिले सिफारिस गरे बमोजिम आ.व.०७९/०८० का लागि बुटवल उपमहानगरपालिकाको नगर दररेट स्वीकृत गरिएको।
- स्थानीय भु-उपयोग परिषद गठन गरिएको।
- नगर क्षेत्रभित्रका अव्यवस्थित ब्लक छुट्याउने कार्य सम्पन्न भएका वडा नं. १,२,८,१२,१३, १७,१८ र १९ का जग्गाको नाप नक्शांकन प्रक्रिया अगाडि बढाउने निर्णय भएको।
- जलस्रोत नीति तर्जुमाका लागि १५ दिनभित्र प्रतिवेदन सहितको ढाँचा पेश गर्ने गरी वडा नं.१२ का वडाध्यक्षको संयोजकत्वमा कार्यदल गठन गरिएको।
- अव्यवस्थित बसोवासीको लागि उपलब्ध गराउने बसोवास प्रमाणपत्रको ढाँचा स्वीकृत गरिएको।
- विज्ञापन सामग्रीहरुको विज्ञापन कर संकलन व्यवस्थापन गर्ने कार्यका लागि श्री आकृति एडभरटाइजिङ्गसँग भएको सम्झौताको म्याद समाप्त भएको हुँदा आ.व.०७९/०८० एक आ.व.का लागि म्याद थप गर्ने निर्णय भएको।
- पशुबधशालाको मिति २०७९।४।१ गते देखि २०७९।९।३० सम्म ६ महिनाको लागि म्याद थप गरिएको।
- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरिएको।
- भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ मा संशोधन गरिएको।
- मुद्दा मामिलाको पुर्पक्ष लगायतका विविध कानून सम्बन्धी TOR बमोजिमका र प्रेस सम्बन्धी TOR बमोजिमका कार्यहरु गर्नका लागि विज्ञ जनशक्ति व्यवस्थापन गर्ने निर्णय भएको।
- विपद् प्रयोजनका लागि तारजाली खरिद र सहयोग उपलब्ध गराउने निर्णय भएको।

प्रस्ताव नं.२.२

**लुम्बिनी बस टर्मिनलको आय ठेक्काका लागि न्यूनतम अंक तोक्ने सम्बन्धमा।**

निर्णय नं.२.२

लुम्बिनी बस टर्मिनल भित्र बस टर्मिनल सेवा शुल्क असुली, टर्मिनल भित्र रहेका तोकिएका पसलहरुको दैनिक बहाल असुली (टर्मिनल भित्रको शौचालय संचालन, गाडी पार्किङ्गका लागि २ १/२ (ढाई) कठ्ठा जग्गा उपयोग गर्न नपाउने र बसपार्कको क्षेत्रभन्दा बाहिरबाट शुल्क उठाउन नपाउने र सचालक ठेकेदार पक्षले राख्न नपाउने गरी मात्र) संचालन तथा व्यवस्थापनका लागि मिति २०७९।४।२५ मा बसेको राजश्व परामर्श समितिको वैठकको सिफारिस समेतका आधारमा आ.व.०७९/०८० र ०८०/०८१ गरी २ आ.व. का लागि न्यूनतम ठेक्का अंक (सरकारी कर बाहेक) रु.२,४७,०२०००।०० (दुई करोड सतचालीस लाख दुई हजार मात्र) कायम गरी कानून बमोजिम प्रतिस्पर्धा गराई ठेक्का बन्दोवस्तीको प्रकिया अगाडि बढाउने निर्णय गरियो।

प्रस्ताव नं.२.३

आधुनिक प्रविधियुक्त कृषि उपज थोक बजार आयोजना प्राथमिकता प्राप्त आयोजना भएको सम्बन्धमा ।

निर्णय नं.२.३

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०७७।११।२८ मा बसेको ७५ औं बैठकको निर्णय नं.७५.५.९बाट बुटवल उपमहानगरपालिका वडा नं.१५, १६ र सैनामैना न.पा.को सिमानामा रहेको नदी उकास र खोला प्रकृतिको जग्गा मध्येबाट गुरुयोजना बमोजिमको कोरिडोरको क्षेत्राधिकार भित्र पर्ने जग्गा छोडी ४२ विगाह क्षेत्रमा कृषि बजार निर्माण गर्ने प्रयोजनका लागि जग्गा उपलब्ध हुन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय भए तापनि उल्लेखित क्षेत्रहरु मध्ये वडा नं.१५ स्थित कर्साघाटको पुल देखि उत्तर तर्फको नदी उकास जग्गा मध्येको तिनाउ दानव कोरिडोरको जग्गा छोडी बाँकी जग्गा विगाह १९-१०-१५.२५ उल्लेखित पूर्व निर्णय बमोजिमको जग्गाभन्दा हाइटमा रहेको । सो सन्दर्भमा उक्त विस्तृत परियोजना प्रस्तावका आधारमा नेपाल सरकारसँगको साझेदारी र नेदरल्याण्ड्स सरकारको सहयोगमा १७ डिसेम्वर २०१९ देखि सञ्चालित Develop2Build (D2B) D2B18NPO1: Development of Agriculture Value Chain Infrastructure in Nepal परियोजनाले नेपाल सरकारले उपलब्ध गराएको विवरणका आधारमा विभिन्न सम्भावित स्थलहरुमा परियोजनाको पहिलो चरण (Phase 1) अन्तर्गत गरेको Pre Feasibility Study Report तथा Fact Finding Mission बाट वडा नं.१६ मा उपलब्ध प्रस्तावित जग्गाको तुलनामा वडा नं.१५ को जग्गा प्राविधिक, जग्गाको आकार एवं निर्माणाधिन दानव रोड कोरिडोरका कारण भौगोलिक रुपले सुरक्षित (सम्भावित बाढीबाट) रहेको प्रतिवेदन प्राप्त भएको र प्राविधिक रुपले उपयुक्त भनि औल्याइएको व्यहोरा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन केन्द्र हरिहरभवन ललितपुरको प.सं.०७८/०७९ च.नं.२६६ मिति २०७९।१।१६ को पत्रबाट जानकारी समेत भएको हुँदा कृषि उपज निर्यात बजार केन्द्र निर्माण गर्ने गरी उल्लेखित स्थानको Detail Feasibility study भै रहेको तथा आ.व. २०७९/०८० को नेपाल सरकारको बजेट बक्तव्य मार्फत रुपन्देहीको कर्साघाटमा आधुनिक प्रबिधियुक्त कृषि उपज थोक बजार निर्माण शुरु गरिनेछ भन्ने विषय उल्लेख भएकोले रतनपुर सामुदायिक बनको दुईवटा खण्डको साबिक सेमलार न.नं. १ङ कि.नं.१४६ र कि.नं.१८८ को नदी उकास जग्गा मध्येको तिनाउ दानव कोरिडोरको जग्गा छोडी बाँकी जग्गा विगाह १९-१०-१५.२५ कृषि बजारको लागि उपयोगमा ल्याउदा स्थानीय कृषकहरुलाई लाभ हुने, स्थानीय स्तरमा चहलपहल एवं गुल्जार हुने र उक्त आयोजना प्राथमिकता प्राप्त आयोजना कायम गरी देहायको चार किल्ला भित्रको जग्गा विगाह १९-१०-१५.२५ मा कृषि उपज निर्यात बजार केन्द्र निर्माण प्रयोजनका लागि बुटवल उपमहानगरपालिकाको नाममा जग्गा उपलब्ध हुन सम्बन्धित निकायमा सिफारिका साथ अनुरोध गर्ने निर्णय गरियो ।

देहाय :

पूर्व : व्यक्तिको जग्गा ।

पश्चिम : ग्राभेल सडक ।

उत्तर : दानव कोरिडोर ।
दक्षिण : बाटो र ब्यक्तिको जग्गा ।

**प्रस्ताव नं.२.४**

**आर्थिक कार्यसंचालन निर्देशिका, २०७८ माथि दोस्रो संशोधन सम्बन्धमा ।**

**निर्णय नं.२.४**

बुटवल उपमहानगरपालिकाको आर्थिक कार्य संचालन निर्देशिका, २०७८ मा समय सापेक्ष रुपमा संशोधन गर्नुपर्ने देखिएकोले उक्त कार्यसंचालन निर्देशिकामा दोस्रो संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२.५**

**बार्षिक कार्य संचालन तालिका स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.२.५**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको चालु आ.व.०७९/०८० को स्वीकृत पूर्वाधार विकास निर्माण तर्फका योजनाहरु कार्यान्वयन गर्ने प्रयोजनका लागि देहाय अनुसारको बार्षिक कार्य संचालन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

बार्षिक कार्यसन्चालन तालिका
आ.व. २०७९।०८०
बार्षिक कार्यसन्चालन तालिका

| क्र.सं. | कार्यक्रम/ क्रियाकलापको विवरण | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १. | चालु आ.व.का योजनाहरुको लगत ईष्टिमेट गर्ने | ■ | ■ | ■ | ■ | | | | | | | | | |
| २. | उपभोक्ता समिति गठन गर्ने | | ■ | ■ | ■ | | | | | | | | | |
| ३. | उपभोक्ता समितिलाई तालिम दिने | | ■ | ■ | ■ | ■ | | | | | | | | |
| ४. | उपभोक्ता समितिसंग सम्झौता गर्ने | | ■ | ■ | ■ | ■ | | | | | | | | |
| ५. | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको सूचना प्रकाशन गर्ने | | ■ | ■ | ■ | ■ | | | | | | | | |
| ६. | ठेक्का प्रकियाबाट संचालन हुने योजनाहरुको सम्झौता गर्ने | | | | ■ | ■ | ■ | ■ | | | | | | |
| ७. | बहुवर्षिय र अन्य ठेक्का प्रकियाबाट संचालित योजनाहरु सम्पन्न गर्ने सम्झौता बमोजिम नै हुने छ । | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |

| | |
|---|---|
| ८. | चौमासिक प्रगति प्रतिवेदन |
| ९. | क्रमागत योजनाहरु सम्पन्न गर्ने |
| १० | उपभोक्ता समिति मार्फत संचालित चालु आ.व.का योजनाहरु सम्पन्न गर्ने |
| ११ | योजनाहरुको सुपरिवेक्षण, अनुगमन तथा फरफारक गर्ने |

नोट: उल्लेखित कार्य तालिका बमोजिम कार्यक्रम संचालन गर्ने क्रममा विशेष परिस्थिति आई समय थप गर्नु पर्ने भएमा आवश्यकता र औचित्यताको आधारमा पूर्वाधार विकास समितिको निर्णय बमोजिम हुने छ ।

**प्रस्ताव नं.२.६**

**बार्षिक खरिद योजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं.२.६**

नगरकार्यपालिका कार्यालयबाट तयार भई पेश हुन आएको चालु आ.व.०७९/०८० को बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२.७**

**कर्मचारी दरवन्दी सम्बन्धमा ।**

**निर्णय नं.२.७**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संगठन विकास शाखा सिंहदरवार काठमाण्डौंको प.सं.०७९/०८० च.नं.२६ मिति २०७९।०४।२२ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । आर्थिक बर्ष २०७९/०८० को बजेट वक्तव्यको बुँदा नं.३६६ ले "सङ्घीयता कार्यान्वयनको पाँच बर्षको अभ्यासको आधारमा संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक पुर्नसंरचना गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछ" र सोही वक्तव्यको बुँदा नं.३७९ मा "सरकारी निकायका संगठन संरचना र दरवन्दीको पुनरावलोकन गरिनेछ । सङ्घीय निजामती सेवा तथा अन्य सरकारी सेवाका कम्तीमा १० (दश) प्रतिशत दरवन्दी कटौती गरिनेछ । भन्ने उल्लेख भए बमोजिम दरवन्दी संरचनामा कम्तीमा १० प्रतिशत कटौती गर्ने गरी आवश्यक खाका तयार गरी पेश गर्ने गरी परिपत्र भएको हुँदा यस बुटवल उपमहानगरपालिकाको लागि विज्ञ मार्फत संगठन विकास सर्वेक्षण गराई आवश्यकता र औचित्यताको आधारमा दरवन्दी एकिन गरी आगामी नगरसभाबाट दरवन्दी स्वीकृत गरी मात्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.२.८**

**कर्मचारी विधेयक,२०७९ सम्बन्धमा ।**

**निर्णय नं.२.८**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७९ निर्माणका लागि आवश्यक तयारी गर्नुपर्ने भएको र प्रदेश लोकसेवा आयोग (आधार

र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १० को उपदफा (२) को (ख) र (ग) तथा प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ७ को उपदफा (३) अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा र त्यस्तो सेवाको पदमा नियुक्ति बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था भएको हुँदा उक्त विधेयक प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश मुकाम बुटवलमा राय परामर्शका लागि लेखी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.२.९**

**जिन्सी निरीक्षण प्रतिवदेन जानकारी सम्बन्धमा ।**

**निर्णय नं.२.९**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.व.०७८/०७९ मा सम्पादन एवं कार्यान्वयन भएका कामकारवाही एवं खरिद भएका एवं मौज्दातमा रहेका मालसामानहरुको बार्षिक जिन्सी निरीक्षणका लागि गठित कार्यदलबाट निरीक्षण गरी प्राप्त हुन आएको जिन्सी निरीक्षण प्रतिवेदन आजको वैठकमा प्रस्तुत भई जानकारी भयो । उक्त प्रतिवेदनले औल्याए बमोजिमका सुझावहरुलाई आगामी दिनमा क्रमश: कार्यान्वयन गर्दै जाने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.२.१०**

**ब्लक छुट्याउने कार्य सम्पन्न भएका जग्गाको नाप नक्शांकन प्रकिया अगाडि बढाउने सम्बन्धमा ।**

**निर्णय नं.२.१०**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले वडास्तरबाट लगत संकलनको कार्य सम्पन्न भईसकेको छ । नगरका सबै वडाहरुका अव्यवस्थित क्षेत्रको बस्तीको तहगत क्षेत्र निर्धारण भई सकेकोले अव्यवस्थित क्षेत्रको नाप नक्शांकनको प्रकिया अगाडि बढाउने सन्दर्भमा यस कार्यालयमा कार्यरत प्राविधिक (सर्भेक्षक, अमिन) हरुबाट वडा कार्यालयसँगको समन्वयमा वडा नं. १२,१३,१४,१६ र १९ अन्तरगतका तपशिल बमोजिमका ब्लकहरु छुट्याउने कार्य सम्पन्न भैसकेकोले प्राबिधिकहरुद्धारा पेश भई ब्लक छुट्याउने कार्य सम्पन्न भएका उल्लेखित वडाहरु अन्तरगतका तपशिल बमोजिमका ब्लकहरुको नाप नक्शांकनको प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | वडा नं. | ब्लक नं. |
|---|---|---|
| १ | १२ | १,२,२८,३० |
| २ | १३ | ३ |
| ३ | १४ | ३,१४,१५,१६,२०,२१,२६,३०,३७,३८ |
| ४ | १६ | ८ |
| ५ | १९ | १,२ |

प्रस्ताव नं.२.११
**संशोधन सम्बन्धमा ।**
निर्णय नं.२.११
मिति २०७९।०४।०८ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.१.१२ (ख) मा बुटवल उपमहानगरपालिका वडा नं.१ स्थित समयदेवीटोलमा आगलागीबाट ६ जना परिवार रहेको हकिम वार्सीको घर र रेष्टुरेण्ट समेतमा क्षति पुग्न गएको हुँदा उक्त आगलागी प्रभावित परिवारलाई विपद् व्यवस्थापन कोषबाट रु.१ लाख सहयोग उपलब्ध गराउने भन्ने हुनुपर्नेमा अन्यथा भएको हुँदा उक्त निर्णय संशोधन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२.१२
**वैदेशिक भ्रमणका लागि प्राप्त निमन्त्रणा सम्बन्धमा ।**
निर्णय नं.२.१२
यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूलाई September 20th-23rd अर्थात मिति २०७९।६।४ देखि २०७९।६।७ सम्म क्वालालम्पुर मलेशियामा हुने The 9th City Net Congress मा भाग लिने गरी Full Sponsorship Confirmation letter प्राप्त हुन आएको हुँदा उक्त कार्यक्रममा यस बुटवल उपमहानगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने गरी भाग लिन जानका लागि प्रमुख श्री खेलराज पाण्डेयज्यूलाई मनोनयन गर्ने र भ्रमणको स्वीकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.२.१३ विविध ।
प्रस्ताव नं.२.१३.१
**सडक अवरोध दस्तुर उठाउने अधिकार वडा कार्यालयलाई दिने सम्बन्धमा ।**
निर्णय नं.
बुटवल उपमहानगरपालिका क्षेत्रभित्र पर्ने राजमार्ग चौराहादेखि चिडियाखोला सम्मको व्यापारिक मार्गको पिच सम्बन्धी कार्य समयमै सम्पन्न नहुँदा आवगमनमा असजिलो र व्यापार व्यवसायमा प्रतिकुल प्रभाव परिरहेको छ । त्यस्तै नगरभित्रका भित्री बाटोहरुमा पनि भवन संरचना निर्माण र अन्य शुभ कार्यहरुमा टेण्ट लगाई सडक अवरोध गर्ने प्रचलन यदाकदा बढी रहेको हुँदा सडक क्षेत्राधिकारलाई बाधा नपर्ने गरी मात्र भवन निर्माण गर्ने परिपाटी बसाल्न सान्दर्भिक र आवश्यक समेत भएको हुँदा नगरकार्यपालिकाको कार्यालयबाट स्वीकृत दररेट र जारी रसिद प्रयोग गर्ने र वडाध्यक्षहरुको अनुगमन एवं प्रत्यक्ष निर्देशन रहने गरी सडक अवरोध दस्तुर उठाउने अधिकार मिति २०७९।५।६ गते देखि.लागु हुने गरी वडा कार्यालयहरुलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२.१३.२
**ठेला व्यवस्थापन सम्बन्धमा ।**
निर्णय नं.२.१३.२
उपमहानगरपालिका क्षेत्रभित्र यत्रतत्र रहेका र व्यवस्थित रुपमा संचालनमा नआएका ठेला व्यवसायले बजारलाई नै अव्यवस्थित र सडक आवागमनमा समेत बाधा पुऱ्याएको हुँदा उक्त

व्यवसायलाई व्यवस्थित गरी करको दायरामा ल्याई व्यवस्थित गर्न आवश्यक भएको हुँदा सो सम्बन्धमा तयारी गरी पेश गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो ।

प्रमुख, बुटवल उपमहानगरपालिका -संयोजक
वडाध्यक्ष, ठेला व्यवसाय रहेका वडा -सदस्य
सुनिता खडलुक, कार्यपालिका सदस्य -सदस्य
प्रमुख प्रशासकीय अधिकृत -सदस्य
महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा -सचिव

**प्रस्ताव नं.२.१३.३**
**व्यवसाय दर्ता सम्बन्धमा ।**
**निर्णय नं.२.१३.३**
उपमहानगरपालिका क्षेत्रभित्र विगत देखि नै व्यापार व्यवसाय गरी आएका तर उपमहानगरपालिकामा दर्ता हुन नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा आउनका लागि १ महिनाको सूचना प्रकाशित गर्ने र राजश्व शाखाले जनशक्ति व्यवस्थापन र आवश्यक समन्वय एवं सहजिकरण गर्ने व्यवस्था मिलाई व्यवसाय दर्ता प्रकियालाई वडा कार्यालय मार्फत अभियानको रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.२.१३.४**
**अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा ।**
**निर्णय नं.२.१३.४**
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा विद्युत तर्फ हाल दक्ष प्राविधिक जनशक्ति नभएका कारण सडक बत्ती व्यवस्थापन सम्बन्धी काममा बाधा पर्न गएको हुँदा सम्बन्धित वडा कार्यालयहरुले नै दक्ष जनशक्ति व्यवस्थापन गरी भाद्र, आश्विन र कार्तिक ३ महिनाका लागि विद्युत सम्बन्धी सडक बत्तीको कार्य प्रक्रिया अगाडि बढाउनका लागि तपसिलका वडाहरुलाई तपसिल बमोजिम हुने गरी विद्युतीकरण र सडक बत्ती सम्पूर्ण नगरभरी शीर्षकमा विनियोजित रकम मध्येबाट अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।
वडा नं. १,२,५,९,१०,१४,१५,१६,१७,१८ र १९ मासिक रु.१०,०००।-
वडा नं. ११,१२,१३ मासिक रु.१५,०००।-
वडा नं.३,४,६,७,८ मासिक रु.१२,०००।-
**प्रस्ताव नं.२.१३.५**
**समिति गठन सम्बन्धमा ।**
**निर्णय नं.२.१३.५**
नगर क्षेत्रभित्र हाल चलिरहेका ई-रिक्साहरुको व्यवस्थापनका लागि अध्ययन गरी पेश गर्ने देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

उपप्रमुख, बुटवल उपमहानगरपालिका -संयोजक
सूचना प्रविधि शाखा प्रमुख -सदस्य
महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा -सदस्य
शाखा प्रमुख, राजश्व शाखा -सचिव

**प्रस्ताव नं.२.१३.६**
**वडा कार्यालय स्थानान्तरण एवं व्यवस्थापन सम्बन्धमा।**
**निर्णय नं.२.१३.६**
बुटवल उपमहानगरपालिका वडा नं.१ को वडा कार्यालय स्थानान्तरणका लागि वडास्तरीय राजनैतिक दलको सहमति सहित वडा कार्यालय वडा नं.१ को च.नं.६८७ मिति २०७९।०३।१४ गतेको पत्र साथ वडा कार्यालयको निर्णय समेत संलग्न गरी पेश हुन आएको हुँदा वडा कार्यालयले प्रस्ताव गरेको स्थानमा नै वडा कार्यालय रहने गरी वडा कार्यालय स्थानान्तरण एवं व्यवस्थापनका लागि सहमति दिने निर्णय गरियो।

**प्रस्ताव नं.२.१३.७**
**सहयोग उपलब्ध गराउने सम्बन्धमा।**
**निर्णय नं.२.१३.७**
बुटवल उपमहानगरपालिका वडा नं.३ स्थित ज्योतिनगरका प्रेम प्रसाद आचार्य उक्त स्थानमा आएको पहिरोबाट विस्थापित भएको हुँदा निजको परिवारलाई विपद् व्यवस्थापन कोषबाट रु.५१०००।- राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं.२.१३.८**
**भुक्तानी सम्बन्धमा।**
**निर्णय नं.२.१३.८**
नवलपरासीको त्रिवेणीधाम देखि रुपन्देहीको बोलवमधाम सम्मको पैदलयात्रामा पाल्नु भएका तिर्थयात्रीहरुले बुटवलमा रहदा खाएको खाना वापतको रु.५१०००।- को विल भुक्तानी दिने निर्णय गरियो।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।